आ.व. २०७९।८० को बैठक संख्या - ११

आज मिति २०७९ साल पौष महिनाको ७ गते विहिवारका दिन उदयपुरगढी गाँउपालिकाका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगरको अध्यक्षतामा बसेको कार्यपालीकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा निम्नानुसारको प्रस्तावहरु छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मान बहादुर केप्छाकी मगर | गाउपालिका अध्यक्ष | |
| २ | जित बहादुर खडका | गाउपालिका उपाध्यक्ष | |
| ३ | दिल बहादुर राना मगर | वडा अध्यक्ष | |
| ४ | ईन्द्र बहादुर राउत | वडा अध्यक्ष | |
| ५ | मनोज कुमार कार्की | वडा अध्यक्ष | |
| ६ | राम बहादुर घले मगर | वडा अध्यक्ष | |
| ७ | कुमार अधिकारी | वडा अध्यक्ष | |
| ८ | दुर्गारमण दहाल | का.वडा अध्यक्ष | |
| ९ | भुवन केप्छाकी मगर | वडा अध्यक्ष | |
| १० | थिर बहादुर राउत | वडा अध्यक्ष | |
| ११ | सहेक बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | सरिता कार्की | कार्यपालिका सदस्य | |
| १३ | डिल्लीमाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | मिना कुमारी तामाङ्ग | कार्यपालिका सदस्य | |
| १५ | यसोदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १६ | रमेश राई | प्र.प्र.अ. | |

**सहयोगी :**

१. गुणराज श्रेष्ठ
२. पारस मणि फुयल
३. शेखर वुढाथोकी

**बैठकका प्रस्तावहरु :**

१. गत बैठकको समिक्षा सम्वन्धमा ।

२. चालु आ.व. को मंसीर महिना सम्मको आय व्यय तथा प्रगती सम्वन्धमा ।

३. मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीलाई औषधोपचार खर्चको सोध भर्ना हुने रकम व्यवस्थापन सम्वन्धमा ।

४. आगामी आ.व. २०८०।८१ का लागि संघिय समपुरक र संघिय विशेष अनुदानको आयोजना सिफारीस सम्वन्धमा ।

५. गाउँपालिकाको कर्मचारी संगठन र व्यवस्थापन (O & M) सर्भेक्षण गर्ने र सो का लागि आबश्यक वजेट व्यवस्थापन गर्ने सम्वन्धमा ।

६. स्थानीय पुर्वाधार विभाग (DOLI) मा गाउँपालिकाको प्रशासकिय भवन निर्माणका लागि प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रम अन्तर्गत आयोजना माग गर्ने सम्वन्धमा ।

७. नेपालटार कभर्डहलको (DPR) तथा लागत स्विकृत गर्ने तथा वहुवर्षिय ठेक्का आव्हान गर्ने सम्वन्धमा ।

८. ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन कार्यको अनुगमन तथा नियमन सम्बन्धि कार्यविधि, २०७७ बमोजिम ठेक्का अंकको १% रकम जि.स.स. कोषमा जम्मा गर्ने सम्बन्धमा ।

९ विपन्न गरीब घरपरिवार सदस्यको निःशुल्क स्वास्थ्य बीमा गरिदिने कोटा निर्धारण र वडाबाट लाभग्राही पहिचान तथा सिफरीस सम्बन्धमा ।

१० मदनभण्डारी लोकमार्गको बैजनाथ पुलदेखि भकुण्डे चौरीहुँदै मा.वि. नेपालटारसम्म नाली निर्माण ग्राभेल तथा सडक स्तरोन्नतिका लागि आयोजना माग सम्बन्धमा ।

११ बिभिन्न कार्यविधिहरू स्वीकृत गर्ने सम्बन्धमा ।

क) उदयपुरगढी गाउँपालिकाको सुत्केरी पोषण भत्ता बितरण कार्यविधि, २०७९

ख) उदयपुरगढी गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०७९

१२ म.ले.प. डोरले सुझाए बमोजिम गत आ.व.मा ठेक्का बमोजिमको कार्य सम्पन्न नगर्ने निर्माण कम्पनीको बैक जमानत जफत गर्ने सम्बन्धमा ।

१३ रकम व्यवस्थापन तथा आर्थिक सहयोग सम्बन्धमा ।

क) नेवाः देय दवू उदयपुर गाईघाटको परिकार मेला र लाखे महोत्सब कार्यक्रम

ख) जि.स.स. उदयपुरको चारपाङ्ग्रे सवारी साधन मर्मत सहयोग सम्बन्धमा ।

१४ विविध

क वाल मैत्री स्थानीय शासनको अवधारणा सम्वन्धि २ दिने कार्यक्रम सम्वन्धमा ।

निर्णयहरूः-

१. **गत बैठकको समीक्षा सम्बन्धमाः-** गाउँपालिकाको १० औ बैठक मिति २०७९।०८।२० गतेको दिन बिभिन्न २ ओटा प्रस्तावहरू उपर निर्णय भएकोमा भूउपयोग बर्गिकरण सम्बन्धि परिषदले गरेको निर्णय र परामर्श समेतको प्रतिवेदन सफ्टकपी समेत सम्बन्धित निकाय तथा कार्यालयहरूमा पठाईएको कुरा अवगत भयो ।

२. **चालू आ.व.को मंसिर महिनासम्मको आय व्यय तथा प्रगति सम्बन्धमाः-** चालू आ.व.को सुरु ५ महिना अर्थात मंसीर मसान्त सम्मको यस गा.पा.को तपसील बमोजिमको आयव्यय बिबरणको जानकारी भयो ।

| आय तर्फ | | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी प्रतिशत | शीर्षक | वार्षिक बजेट | हालसम्मको खर्च | खर्च प्रतिशत |
| संघीय सरकार | ४६,०७,५५,४४३। | १२,७५,५८,३३३।- | २७% | चालु खर्च | ४०,४४,२३,२५० | ९,१२,२७,३५०.३४ | २२.५६% |
| प्रदेश सरकार | २,६३,८०,०००।- | ८०,११,७३३।- | ३०.३७% | पुजिगत खर्च | ३०,५४,२६,३१८ | १,४२,८५,१३९ | ४.६८% |
| राजश्व बाँडफाड | १२,५७,५१,०००। | २,१५,०१,५५५।- | १७.१% | जम्मा | ७०,९८,४९,५६८ | १०,५५,१२,४८९.३४ | १४.८६% |
| आन्तरिक स्रोत | ९,६९,६३,१३५।- | ९,४७,४८,७५७।- | ९७.७२% | | | | |
| जम्मा | ७०,९८,४९,५६८। | २५,१८,२०,३७८.८६ | ३५.४७% | | | | |

उल्लेखित जानकारीबाट पुजिगत खर्च अत्यन्तै न्युन भएको देखिंदा योजना अनुगमन तथा सञ्चालन कार्यमा सहजिकरण गर्ने र योजना शाखालाई चाडो पूजिगत खर्च हुने गरी कार्य गर्न निर्देशन प्रदान गर्ने निर्णय गरियो । राजश्व बाँडफाँड तर्फको लागि खर्चमा मितव्ययीता अपनाई खर्च गर्ने निर्णय गरियो ।

३. **मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीलाई औषधोपचार खर्चको सोध भर्ना हुने रकम व्यवस्थापन सम्बन्धमाः-** मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीलाई औषधोपचार खर्च सम्बन्धि निर्देशिका, २०७८ बमोजिम निर्णय तथा सिफारीश भएको पछिल्लो महिनावाट प्रदान गर्ने गरि लाभग्राहीहरूलाई स्वास्थ्य सेवा बिभागबाट सोधभर्ना हुने गरी मासिक ५०००। रुपैयाका दरले हाललाई भुक्तानी हुनका लागि गा.पा. चालू तर्फको भैपरी खर्च शीर्षकबाट रु. ६,००,०००।– खर्च गरी स्रेस्ता राखि सोधभर्ना बिभागमा माग गर्ने निर्णय गरीयो ।

४. **आगमी आ.व. २०८०\८१ का लागि संघीय समपूरक र संघीय विशेष अनुदानको आयोजना सिफारीस सम्बन्धमाः-** समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदान सम्बन्धि (तेस्रो संशोधन) कार्यविधि, २०७७ वमोजिम तपसीलको आयोजनाहरू प्रस्ताव गर्ने र प्रस्तावित समपुरक अनुदान तर्फका लागि कूल लागत अनुमानको ५०% भन्दा बढी लागत साझदारी रकम समेत सुनिश्चित गर्ने निर्णय गरीयो ।

| संघीय समपूरक अनुदान तर्फ | | | | | |
|---|---|---|---|---|---|
| प्राथमिकता नं. | प्रस्तावित आयोजानको नाम | कुल लागत DPR बमोजिम (रु.) | राष्ट्रिय योजना आयोगमा माग गर्ने रकम ४९.५०% (रु.) | गा.पा.बाट साझेदारी कूल लागतको ५०.५०% (रु.) | सम्पन्न गरिने अवधि |
| १ नं. | नेपालटार-उदयुरगढी दरवार मोटरबाटो स्तरोन्नती तथा कालोपत्रे आयोजना | १०००००००००।० | ४९५००००००।० | ५०५००००००।० | ३ बर्ष |

| विशेष अनदान तर्फ | | | | | |
|---|---|---|---|---|---|
| प्राथमिकता नं. | प्रस्तावित आयोजानको नाम | कुल लागत DPR बमोजिम (रु.) | राष्ट्रिय योजना आयोगमा प्रस्ताव गर्ने रकम | सम्पन्न हुने अवधि | कैफियत |
| १ नं. | उपल्लो धिलेखोला थाक्ले खानेपानी आयोजना,वडा नं १ | २७२००००००।० | २७२००००००।० | २ वर्ष | |
| २ नं. | कुईविर खानेपानी आयोजना,वडा नं ७ | ११७००००००।० | ११७००००००।० | २ वर्ष | |

५. **गाउँपालिकाको कर्मचारी संगठन तथा व्यवस्थापन (O & M) सर्भेक्षण गर्ने र सोको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने सम्बन्धमाः-** साविकमा यस गाउँपालिकाको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा निर्धारित कर्मचारी संगठन संरचना र कार्य विवरणमा थप तथा संशोधन समेतका लागि नयाँ संगठन तथा व्यवस्थापन (O&M) गर्ने कार्यलाई अनुमोदन गरिन्छ । साथै उक्त

साथै उक्त कार्यकालागि चालू खर्च तर्फको चालू भैपरी खर्च शिर्षकबाट रु. ५,००,०००।– अक्षेरुपी पाँचलाख रुपैया मात्र खर्च गर्ने निर्णय गरियो ।

१२. **स्थानीय पूर्वाधार विभाग (DOLI) मा गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम अन्तरगत आयोजना माग गर्ने सम्बन्धमा:-** यस गाउँपालिकाको प्रशासकीय भवन साबिक पञ्चावति वार्ड १क कि.नं. १३० क्षे.फ. ०-२-० मा निर्माण गर्ने गरी पेश हुन आएको DPR लागत रु.१२,९२,०१,८९९।२५ स्विकृत गर्ने र स्थानीय तहको प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम साझेदारी अंकका साथ तपसील बमोजिमको वजेट विनियोजनका लागि स्थानीय पूर्वाधार विकास विभाग, पुलचौक ललितपुरमा आवश्यक कागजातका साथ आवेदन गर्ने निर्णय गरीयो ।

| आयोजनाको नाम | DPR लागत रु. | स्थानिय तहले व्यहोर्ने रकम रु. | DOLI लाई आवेदन गर्ने रकम रु. | योजनाको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| उदयपुरगढी गा.पा. प्रशासकीय भवन निर्माण आयोजना | रु.१२,९२,०१,८९९।२५ | ७५२०१८९९।२५ | ५४००००००।० | ३ वर्ष | |

१३. **नेपालटार कभर्ड हलको (DPR) तथा लागत स्वीकृत गर्ने तथा बहुबर्षिय ठेक्का आह्वान गर्ने सम्बन्धमा:-** नेपालटार कभर्डहल निर्माणको लागि प्यारागन ईन्जिनियरिङ कन्सल्टेन्सी एण्ड रिसर्च प्रा.लि., ललितपुरद्वारा प्रस्तुत रु. २,७३,२९,१४३।– अक्षेरी दुईकरोड त्रिहत्तर लाख उन्तीस हजार एकसय त्रिचालीस रुपैया लागत रकमको विस्तृत अध्ययन प्रतिवेदन (DPR) स्वीकृत गर्ने र उक्त DPR मा पेश भएको मध्ये हाललाई भवन संरचना तर्फको मात्र आगामी बर्ष सम्पन्न गर्ने गरी वहुवर्षिय ठेक्का आह्वान गर्ने निर्णय गरीयो ।

१४. **ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन कार्यको अनुगमन तथा नियमन सम्बन्धि कार्यविधि, २०७७ बमोजिम ठेक्का अंकको १% रकम जि.स.स. कोषमा जम्मा गर्ने सम्बन्धमा:-** ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन कार्यको अनुगमन तथा नियमन सम्बन्धि कार्यविधि, २०७७ र जि.स.स. उदयपुरको मिति २०७९०।०८।२८ को ताकेता पत्र बमोजिम गत आ.व. २०७८\७९ मा यस गा.पा.मा ठेक्का कबोल भई सकार भएको रकम रु. ११,६५,१५८।– अक्षेरी एघार लाख पैसट्ठीहजार एकसय अन्ठाउन्न रुपैया मात्र (भ्याट बाहेक) रहेकोमा सोको १% ले हुन आउने रकम रु. ११,६५१।– अक्षेरी एघार हजार छसय एकाउन्न रुपैया मात्र जि.स.स. उदयपुरको खातामा जम्मा गर्ने निर्णय गरीयो।

१५. **विपन्न गरीव घरपरिवार सदस्यको निःशुल्क स्वास्थ्य बीमा गरिदिने सम्बन्धी कार्यक्रमका लागि कोटा निर्धारण र वडाबाट लाभग्राही पहिचान तथा सिफारीस सम्बन्धमा:-** चालु आ.व.मा *अतिविपन्न परिवारलाई स्वास्थ्य बीमा कार्यक्रम*का लागि रु. ४,२५,०००।– बिनियोजन भएकोमा प्रति परिवार अधिक्तम ५ जनाका लागि रु. ३,५००।– का दरले १२१ घरपरिवार लाभग्राही, हालै वितरीत अतिविपन्न परिचयपत्र (रातो कार्ड) बाहक तथा रातो कार्ड प्राप्त गर्न छुट भएका अति विपन्न (वडाले सिफारीस गरेका) मध्येबाट वडा कार्य समितिको सिफारीस बमोजिम छनौट हुन तपसील बमोजिमको वडागत कोटा निर्धारण गर्ने निर्णय गरीयो ।

| क्र.स. | वडा | अतिविपन्न घरपरिवार (रातो कार्ड प्राप्त गर्ने) | वीमाका लागि निर्धारीत कोटा |
|---|---|---|---|
| १ | वडा नं. १ तावाश्री | १८५ | ३५ |
| २ | वडा नं. २ मानसिंटार | ११० | २१ |
| ३ | वडा नं. ३ वर्रे | ५२ | १० |
| ४ | वडा नं. ४ डुम्रे | २२ | ४ |
| ५ | वडा नं. ५ पञ्चावती | ४४ | ८ |
| ६ | वडा नं. ६ नेपालटार | ६८ | १३ |
| ७ | वडा नं. ७ हाडेवास | ८३ | १६ |
| ९ | वडा नं. ८ नरेटार | ७५ | १४ |
| | जम्मा | ६३९ | १२१ |

१०. **मदन भण्डारी लोकमार्गको बैजनाथ पुलदेखि भकुण्डे चौरीहुँदै मा.वि. नेपालटारसम्म नाली निर्माण ग्राभेल तथा सडक स्तरोन्नतिका लागि आयोजना माग सम्बन्धमा:-** योजना प्राथमिकतामा परी बजेट अभावले कार्यान्वयन हुन नसकेको *मदनभण्डारी लोकमार्गको दनुवारवेशी बैजनाथ पुलदेखि भकुण्डे चौरी मा.वि. नेपालटार हुँदै तेलतेले पक्की पुलसम्म नाली निर्माण ग्राभेल तथा सडक स्तरोन्नति आयोजना*का लागि संघीय सहरी बिकास मन्त्रालयमा रकम बिनियोजनका लागि अनुरोधको सिफारीस गर्ने निर्णय गरीयो ।

११. **बिभिन्न कार्यविधिहरू स्वीकृत गर्ने सम्बन्धमा ।**

तपसील बमोजिमको कार्यविधी कानूनहरू सम्बन्धित शाखाबाट पेश हुन आएकोमा विधायन समितिको सिफारिश बमोजिम पारीत गर्ने निर्नय गरियो ।

क) उदयपुरगढी गाउँपालिकाको सुत्केरी पोषण भत्ता बितरण कार्यविधि, २०७९

ख) उदयपुरगढी गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०७९

१२. **म.ले.प. डोरले सुझाए बमोजिम गत आ.व.मा ठेक्का बमोजिमको कार्य सम्पन्न नगर्ने निर्माण कम्पनीको बैंक जमानत जफत गर्ने सम्बन्धमा:-** म.ले.प. डोरमुकाम उदयपुरगढीले गत आ.व.को लेखापरीक्षणका क्रममा समेत औल्याएको हुँदा गत आ.व.मा सम्पन्न गर्ने गरी सम्झौता गरेका ठेकेदार कम्पनीहरूले तोकिएको समय र म्याद थपको समयमा समेत सम्पन्न गर्न नसकेका तपसीलका आयोजनाहरूका ठेकेदारद्वारा प्रस्तुत बैंक जमानत जफत गरी आन्तरिक राजश्व कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**तपसील:**

| क्र.स. | आयोजनाको नाम | ठेक्का नं. | ठेकेदार कम्पनी | सम्झौता रकम (भ्याट सहित र PS बाहेक) | कार्यसम्पादन जमानत रकम |
|---|---|---|---|---|---|
| १ | मा.वि. जल्केनी पहिरो नियन्त्रण आयोजना | URM/NCB/Rebid/works/15-2078/79 | अनमोल निर्माण सेवा | ८,१८,२७२.५५ | २,४६,६१४.३८ |

१३. रकम व्यवस्थापन सम्बन्धमा ।

तपसील बमोजिम गर्ने:

| क्र.स. | कार्यक्रम तथा प्रस्तावना शीर्षक | प्रस्तावक\मागकर्ता | खर्चको स्रोत | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | चार पाङ्ग्रे सवारी साधन मर्मत सहयोग सम्बन्धमा | जि.स.स.को कार्यालय, उदयपुर | सवारी मर्मत | १०००००।० | |

१४. विविध

क) वालमैत्री स्थानीय शासनको अवधारणा सम्वन्धी २ दिने कार्यक्रम जाल्पा एकिकृत समाज,उदयपुरको सहयोगमा गर्ने निर्णय गरियो ।